# २८. श्री लैनसिंह बाङ्देल

*[संवत् २०५७ सालको पुरस्कार 'जगदम्बा-श्री' जनकविकेशरी श्री धर्मराज थापालाई र सोही सालको 'मदन पुरस्कार' 'नेपालको सिमाना' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री बुद्धिनारायण श्रेष्ठलाई समर्पण गर्न संवत् २०५८ साल कार्तिक २ गते रोज ५ का दिन आयोजित समारोहमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति श्री लैनसिंह बाङ्देलले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १६८ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, त्यस दिन श्री बाङ्देलज्यू उपस्थित हुन नसक्नुभएबाट उहाँको प्रवचन मदन पुरस्कार गुठीका तत्कालीन सदस्य-सचिव श्री विष्णुप्रसाद धितालले पढ्नुभएको थियो (हेर्नू. 'नेपाली' अङ्क १६८, पृ. ५)]*

मदन पुरस्कार गुठीका अध्यक्षज्यू, सदस्यज्यूहरू, पुरस्कारद्वारा सम्मानित धर्मराज थापाज्यू, बुद्धिनारायण श्रेष्ठज्यू, महिला तथा सज्जनवृन्द !

सर्वप्रथम म 'जगदम्बा-श्री'द्वारा सम्मानित जनकविकेशरी धर्मराज थापाज्यूलाई तथा 'मदन पुरस्कार'बाट पुरस्कृत हुनुभएका श्री बुद्धिनारायण श्रेष्ठज्यूलाई बधाईका साथ अभिवादन गर्दछु। 'मदन पुरस्कार' तथा 'जगदम्बा-श्री'द्वारा सम्मानित हुनु भनेको राष्ट्रले नै अभिनन्दन गरेको हो भन्ने म ठान्दछु। यस्तो राष्ट्रिय सम्मानको तपाईंहरू निश्चय नै अधिकारी हुनुहुन्थ्यो। तपाईंको सम्मान समारोहमा उपस्थित भएर गुणानुवाद प्रवचन (Valedictory Speech) गर्न पाएकोमा म पनि गौरवान्वित भएको महसुस गर्दछु। मलाई यस्तो अवसर उपलब्ध गराइदिनुभएकोमा गुठी परिवारलाई म धन्यवाद दिन चाहन्छु।

गुठीको यो प्रवचन कार्यक्रम मलाई राम्रो लागेको छ। गुठी र पुरस्कारमा सीमित नरही आफ्नो क्षेत्रका विषयमा केही बोल्न लगाएर अभिलेख राख्नु गुठीको राम्रो प्रयास हो। मैले पनि त्यसै हुँदा आफ्नो चाखको विषय नेपाली प्राचीन मूर्तिकलाका बारेमा बोल्ने विचार गरेको छु। प्राचीन मूर्तिभन्दा पनि आज म नेपालको सबभन्दा पुरानो मूर्तिका बारेमा केही भन्ने अनुमति चाहन्छु। विषय प्रवेश म यसरी गरूँ–

म नेपाल आउनुभन्दा अगाडि प्राचीन संस्कृतिको बारेमा र यो देशको कलाका विषयमा मलाई केही कुरा थाहा थिएन। म भर्खरै मात्र नेपाल आएको थिएँ।

मेरा मित्र कमलमणि दीक्षितले एक दिन उहाँको घरमा चियापानीको व्यवस्था गरेको हुँदा मलाई बोलाउनुभएको थियो। यो सन् १९६१ अप्रेल महिनातिरको कुरा हो। चियाखाजापछि उहाँले "म तपाईंलाई पाटन सहर घुमाउन लैजान्छु है ?" भन्नुभो। उहाँ त्यसवेला पाटनको पुल्चोक दरबारतिरै बस्नुहुन्थ्यो। हामी बाहिर निस्क्यौं। निस्केपछि उहाँले आफ्नो घरनजिकैको श्रीघबहाल, क्वाबहाल र कुम्भेश्वरको मन्दिरतिर लैजानुभयो। मसँग मेरी श्रीमती पनि थिइन्।

ऊ बेलाका सडकहरूमा लामालामा ढुङ्गा बिछ्याइएका हुन्थे। अहिलेको जस्तो पिच लाएर चिल्लो पारिएका सडक हुँदैनथे। यसतै सडकहरू पार गर्दै म हिँडिरहेको थिएँ। साथै ती पुराना-पुराना वस्तुहरू मेरा दाहिने देब्रेतिर देखेर म छक्क परिरहेको थिएँ। मैले कमलमणिजीसँग सोधें– "तपाईंले यी पुराना-पुराना कुराहरू, सबै मलाई देखाउनुभयो, यी मन्दिरहरू, स्तूपहरू, चैत्यहरू, मूर्तिहरू सब त देखाउनुभयो तर यी कति पुराना हुन् ?"

उहाँले भन्नुभयो– "बाङ्देलजी, यी सबै पुराना त हुन् तर कति पुराना हुन् त्यो त मलाई थाहा छैन। सोधे-खोजे त थाह पाइएला। तर म तपाईंलाई एउटा कुरा भनूँ है ? नेपाली संस्कृतिको इतिहास यी बिछ्याइएका ढुङ्गा-ढुङ्गामा लेखिएको छ। तर त्यसको खोजी कसले गर्ने ?"

यो सुनेपछि मेरो मनमा रूसङ्ग भयो, कलाले यति धनी भएको देश नेपालमा पो आएको रहेछु म भन्ने बुझेर। म नेपाल आउनुभन्दा अगाडि कसैले कहिले नेपालको बारेमा केही भनेको थिएन। आफूचाहिँ आधुनिक कलाको अध्ययन गर्न भनेर कलकत्ता गइयो, पेरिस पुगियो, लन्डन पुगियो तर आफ्नै देशको कला कति धनी रहेछ भन्ने कुराचाहिँ आफूलाई थाहा नभएको देखेर आफूलाई ग्लानि भयो। त्यस कुराले मेरो मनमा एउटा फट्का लाग्यो। म केही बोलिनँ। आफ्नो डेरामा फर्कें।

त्यस दिनदेखि मैले नेपाली कलाको इतिहास पढ्ने बुझ्ने अठोट-प्रण गरें। काठमाडौं उपत्यकाको हरेक टोल, हरेक बहाल, हरेक गल्ली, हरेक मठ-मन्दिर, हरेक चैत्य, हरेक स्तूप, हरेक धार्मिक स्थल र हरेक पाटीपौवा चाहार्न थालें। हरेक शनिबार बिहान सबेरैदेखि हातमा एउटा कापी, काँधमा एउटा क्यामरा फुन्ड्याएर साथमा एउटा ठिटोलाई लिएर दिनभर जस्तो डुल्ने गर्थें, चाहार्ने गर्थें। मूर्तिहरूको तस्वीर लिने गर्थे, टोलका जान्नेसुन्नेसँग तिनको इतिहास सोध्नेगर्थें। त्यतिबेला नेपाली कलाको बारेमा जान्ने बुझ्ने कोही थिएनन्। पुस्तकहरू पनि केही थिएनन्। पुस्तकहरू र त्यस बारेका लेखहरू खोजीखोजी पढ्न थालियो। अध्ययन-अनुसन्धानमा लागियो। त्यससम्बन्धी भारतीय कलाका जम्मै इतिहास पढियो। अब आफूलाई नेपाली कलाको बारेमा अलिअलि कुरा थाहा भयो। पुराना मूर्तिहरू र नयाँ मूर्तिहरू तिनका ऐतिहासिक पक्षका कुराहरू आफूलाई थाहा हुँदै गयो। गर्दागर्दा आफूलाई के लाग्यो भने नहुने कुरा त केही पनि रहेनछ। खालि यसमा लागिपर्नु मात्र पर्दोरहेछ। यसै अध्ययनमा आफू लागेको हुँदा मेरो साहित्यतर्फको अध्ययनचाहिँ

एकदम छुट्यो। साहित्यतर्फ समय दिने मलाई समय नै भएन। यसरी नेपाली कला, सस्कृति र इतिहासको अध्ययन गर्दागर्दै दुई दशाब्दीभन्दा बढी समय बितेर गयो। आखिरमा नेपाली कलाको बारेमा केही ज्ञान बढ्दै गयो। केही पुस्तकहरू पनि लेखियो, केही जानियो पनि, बुझियो पनि। अहिले पनि कमलमणिजीले भन्नुभएका कुराहरू मेरो कानमा गुन्जिरहेकै छन्।

केही दिनअघि मात्र कमलमणिजीले मलाई नेपाली साहित्यको विषयमा भए पनि अथवा कलाकै बारेमा भए पनि केही लेखिदिनुपर्‍यो भनेर भन्नुभएको थियो। मैले सोचें कमलमणिजीले मलाई पाटन डुलाउन लानुभएको ४० वर्षजति भयो होला। ४० वर्ष भनेको जीवनको निकै लामो अवधि मान्नुपर्छ। यो चालीस वर्षमा मैले नेपाली कलाको प्राचीन इतिहास खोज्ने पल्टाउने र मूर्तिहरूको विश्लेषण गर्ने कुरामै समय बिताएँ। खोज र अनुसन्धान भनेको कुरा मानिसको जीवनमा कहिल्यै नसिद्धिने कुरा हो। त्यसैले यो ४० वर्षको अवधिमा मैले नेपाली कलासम्बन्धी केके कुरा थाहा पाएँ केके कुरा जान्न सकें त्यसबारे एउटा सानो लेख लेखेर छपाउन पाए राम्रो हुन्थ्यो भन्ने सम्झें र "नेपालको सबभन्दा पुरानो मूर्ति नामक" लेख लेख्ने अब मेरो विचार भयो।

यो नेपाल उपत्यकामा प्राचीन कालदेखि नै अनेक हिन्दू र बौद्ध देवदेवीका प्रस्तर मूर्तिहरू बन्दै आएको देखिन्छ। तर यस उपत्यकाभित्र पाइने प्रस्तरका मूर्तिहरूमध्ये कुनचाहिँ मूर्ति सबभन्दा पुरानो हो त्यसबारे ठीकठीक यकीन गर्न सकिएको छैन। त्यो काम अत्यन्त गाह्रो छ। किनभने पुराना मूर्तिहरू अक्सर भाँचिएको, टुटेको अनुहार पटपट फुटेर चिन्नसमेत गाह्रो हुने भइसकेका छन्। तैपनि मूर्ति विज्ञानको दृष्टिले हेर्दा अहिलेसम्म प्राप्त मूर्तिमा कुन सम्प्रदायको मूर्ति सबभन्दा पुरानो देखिन्छ त्यससम्बन्धी अब विचार गरिन्छ।

नेपाल उपत्यकाभित्र पाइने अनेकन प्राचीन मूर्तिहरू देखिन्छन्। तिनमा वैष्णव सम्प्रदाय, शैव सम्प्रदाय, सौर्य सम्प्रदाय, मातृका र सप्तमातृकाका मूर्तिहरू पनि देखिन्छन्। तीमध्ये सबैभन्दा पहिले कुन सम्प्रदायको मूर्ति नेपालमा बन्न थाल्यो, त्यसको अहिलेसम्म ठीकठीक किटान हुन सकेको छैन। लाखौं वर्षअघि यो उपत्यका पानीले भरिएको विशाल ताल थियो।* कालान्तरमा तालको पानी सुक्तै गयो र यहाँ आवाद गर्ने ठाउँ भयो। आवाद हुने ठाउँ भएपछि यहाँ सबभन्दा पहिले किराँत जाति नै पूर्वबाट बसाइँ सर्दै आएको देखिन्छ।

त्यसबेलासम्म किराँत जातिको आर्यहरूसँग कुनै सम्पर्क नरहेको बुझिन्छ; किनभने, गङ्गाको मैदानदेखि उत्तरतिरको उपत्यकाभित्र पस्नलाई आर्यहरूले समतल भूमि, डाँडाकाँडा र भन्ज्याङ्ग पार गरेर आउनुपर्थ्यो। त्यो त्यति सजिलो थिएन। आर्यहरूको यस उपत्यकाभित्र प्रवेश भएपछि मात्र यहाँका जनजातिसँग बिस्तारै सम्पर्क बढ्दै गएको बुझिन्छ।

* *Toni Hagen : Nepal, The Kingdom in the Himalayas,* टोनी हागेनको भनाइ छ, यो उपत्यकाको ताल करीब २०,००,००० वर्षअघि सुक्दै गएपछि यहाँ आवाद गर्ने ठाउँ भयो।

आर्यहरू वैदिक धर्म मान्नेहुँदा र सोही संस्कारका निम्ति उनीहरूले हिन्दू देवदेवीको उपासना सुरु गरे। उपासनाका साथै वैदिक देवीदेवताका प्रस्तर मूर्ति बन्न सुरु भयो। बस्ताबस्ता आर्य देवदेवीका बाहेक बौद्ध सम्प्रदायका देवदेवीहरूका पूजा पनि सुरु भयो। त्यसपछि मात्र यहाँ प्रस्तरका अनेक मूर्ति बनाएर पुजिन थालियो। त्यसभन्दाअघि मूर्ति बनाएर पूजा गर्ने चलन नेपाल उपत्यकामा छँदै थिएन।

यो ईशापूर्व प्रथम शताब्दीको कुरा हुन सक्तछ।

नेपाल उपत्यकामा प्राचीनकालदेखि नै प्रस्तरका मूर्तिहरू, तिनमा पनि सर्वप्रथम वैष्णव सम्प्रदायका मूर्तिहरू नै बन्न सुरु भएको होकि जस्तो अनुमान हुन्छ। त्यसका अनेक कारण छन्। उदाहरणको निम्ति ईशापूर्व दोस्रो र प्रथम शताब्दीतिर मथुरामा भागवत धर्मको भक्तिआन्दोलन सुरु भइसकेको थियो। त्यसैबाट प्रभावित भएर भगवान् सङ्कर्षण र वासुदेवको पूजा हुन थाल्यो।

ईशापूर्व दोस्रो शताब्दीतिर बनेको जुन एउटा बलरामको मूर्ति उत्तर प्रदेशको जुन्सुटी गाउँमा भेट्टाइयो त्यसबाट सो कुरा थाहा पाइन्छ। ईश्वी सन्को प्रारम्भतिर कृष्ण, बलराम, प्रद्युम्न, अनिरुध्द र साम्बको भक्तिपूजा चलिसकेको देखिन्छ।

यसरी ईशापूर्व वा ईशाको प्रथम शताब्दीतिरै वैष्णव सम्प्रदायका मूर्तिहरू उत्तर भारततिर बन्न सुरु भएको थियो भने नेपाल उपत्यकामा पनि त्यही समयमा आर्यघाटमा शेषशायी विष्णुको मूर्ति बनेको अनुमान गर्न सकिन्छ। तर यहाँ एउटा कुराको स्मरण गर्नुपर्छ। भारतमा बनेको विष्णु सम्प्रदायका सुरुसुरुका जति मूर्तिहरू छन् र पछिका मूर्तिहरूसमेतमा जुनकिसिमको बनावट शैली र संस्कार छ कुनैमा पनि पशुपति आर्यघाटको मूर्तिमा जस्तो छैन। न शैलीमा, न मूर्ति निर्माणमा। एकदम फरक छ। मूर्तिविज्ञानको दृष्टिकोणले पनि एकदम भिन्न देखिनु, भारतको मूर्तिसँग नमिल्नु यस मुर्तिमा देखिने विशेष कारणहरू हुन्। यस मूर्तिको आफ्नै शैली छ, आफ्नै बनावट छ र पुराणमा समेत उल्लिखित नभएका लक्षणहरू देखिन्छन्। छोटकरीमा भन्ने हो भने यो मूर्ति आफ्नै किसिमको छ र फेरि यस्तो अर्को मूर्ति न नेपालमा बनेको छ न त भारतमा बनेको देखिन्छ। यसैकारणले यहाँ त्यस मूर्तिको विशेष चर्चा गरिन्छ।

पशुपति आर्यघाटको यो मूर्ति आर्यघाटबाट माथि पशुपतिको मन्दिरतिर उक्लने दाहिनेतिरको सिँढीबाट जहाँ प्राण जाने बेलामा बिरामीलाई सुताएर राखिन्छ त्यहीं सानो कोठाको भित्तामा १२ X १६ इन्चको मूर्ति राखिएको छ। त्यो कोठा अक्सर बन्द हुन्छ।

कोईकोई बेला बिरामीलाई पशुपति ल्याउनु पर्दा मात्र त्यहाँ राखिन्छ। आजभन्दा करिब चौबीस-पच्चीस वर्षअगाडि मूर्तिहरूको खोजी गर्दै डुलिरहेको बेला संयोगले त्यो ठाउँमा आइपुग्दा यो कोठा खोलिएको रहेछ र भित्तामा यो मूर्ति देखियो। त्यो देख्नेबित्तिकै यो त गजबको मूर्ति पो रहेछ भनेर फोटो लिने काम

भयो। यो मूर्तिलाई मैले आफ्नो पुस्तक "द अर्ली स्कल्पचर अफ नेपाल" मा प्रकाशित गरिसकेको छु। तर अहिले आएर काठमाडौं उपत्यकाका भएभरका पुराना मूर्तिहरू अध्ययन, अन्वेषण र तुलना गर्दा यो मूर्ति वास्तवमा गजबकै लाग्यो। त्यसैले अब यस मूर्तिको यहाँ चर्चा गर्छु।

यस मूर्तिमा भगवान् विष्णु नागको शय्यामाथि उत्तानो परेर सुतिरहेका देखिन्छन्। नागको सात ओटा फणा भएको सिरानमाथि विष्णुले आफ्नो टाउको अड्याएका छन्। विष्णुको सिरको भाग टुटिसकेकोले त्यसको वास्तविक रूप (डिटेल) केही पनि देखिँदैन। विष्णुको खालि दुई हात मात्र देखिन्छन् जुन कुरा यस मूर्तिमा देखिने एउटा अजीबको कुरा छ। विष्णुका चार हात हुनुपर्ने हो र चार हातमा विष्णुले आयुधहरू लिएका हुन्छन्। तर कतै पनि नभएको विष्णुका दुई हात मात्र यस मूर्तिमा देखिएको हुँदा आश्चर्य लाग्नु स्वाभाविकै हो।*

यस मूर्तिका प्राय:जसो धेरै भागहरू मकिएर वा चोइटिएर गइसकेकाले यसका डिटेलहरू केही देखिँदैनन्। मोटामोटी रूपमा जो देखिएका छन् तिनको यहाँ वर्णन गरिन्छ।

विष्णुको दाहिने हात पाखुरादेखि चोइटिएर गएको देखिन्छ, त्यसलाई आफ्नो पेटमाथि अडाएको हुँदा हातको डिटेल केही देखिँदैन। त्यस्तै देब्रे हातको डिटेल पनि खुट्ट्याउन नसकिने गरी टुटेको छ। भगवान् विष्णु ढ्याम्म लम्पसार परी आफ्नो दुवै घुँडा अलिकति असजिलो गरी खुम्च्याएर सुतिरहेका देखिन्छन्। त्यसैमा विष्णुको फिलामाथि अलि ठूलै आकारमा श्री लक्ष्मी थ्याच्च बसेकी छन्। तिनले आफ्ना दुवै गोडा लम्पसार पारेर सुतिरहेका विष्णुको काखमाथि राखी आफ्नो दाहिने हातले या त केही समातेकी छिन्, या त अभय मुद्रामा राखेकी छिन्। मूर्ति टुटेको हुनाले यसको ठीकसँग पत्ता लाउन सकिएन। तिनले आफ्नो देब्रे हातचाहिँ आफ्नो फिलामाथि राखेकी छन्। श्रीलक्ष्मीको शिरोभाग टुटिसकेको देखिन्छ। त्यसैमा दुई वटा नागिनीले श्री लक्ष्मीको दाहिने र देब्रेपट्टि उभिएर तिनको शिरमाथि दुवैले हातमा घडा लिएर अभिषेक गरिरहेका देखिन्छन्। यी नागिनीहरूको फणा निकै टुटिसकेको भए पनि ठिम्याएर हेरेको खण्डमा स्पष्ट देखिन्छ।

यसरी श्री लक्ष्मीको शिरमाथि जल चढाएर अभिषेक गरेको त हामीले गजलक्ष्मीको मूर्तिमा मात्र देखेका थियौं जहाँ नीलकमलको डाँठमाथि उभिएर दुवैतिरबाट हात्तीले लक्ष्मीको शिरमाथि अभिषेक गर्दछन्। तर यस मूर्तिमा हात्तीको सट्टा नागिनी जोडाले श्री लक्ष्मीको शिरमाथिबाट अभिषेक गरेको कहिल्यै देखेका थिएनौं, न नेपालमा न भारतमा।

त्यसपछि अर्को एउटा अजीबको कुरा यो मूर्तिमा के देखिन्छ भने सुतिरहेको विष्णुको देब्रेतिर शिरपट्टि नागराजा उभिएका देखिन्छन्। उनको दाहिने हात अभय

---

* *प्राचीन भारतीय प्रस्तरका मूर्तिहरूमा आजसम्म मैले दुई हात मात्र भएको विष्णुको मूर्ति कहीं देखेको छैन। भारतीय मूर्तिका प्रकाण्ड विद्वान् डा. बासुदेवरण अग्रवाल र अर्का दुई विद्वान् डा. जितेन्द्रनाथ बनर्जी र डा. शिवराम मूर्तिका पुस्तकहरूमा पनि दुई हात मात्र भएको विष्णुको कहीं उल्लेख भएको छैन।*

मुद्रामा छ, तर देब्रे हातमा उनले के आयुध लिएका छन् त्यो भने मूर्ति धेरै टुटफुट भैसकेको हुँदा खुट्याउन सकिएन। सुतिरहेको विष्णु भगवान्को देब्रेपट्टि नागराजलाई देख्ता यसकिसिमको मूर्ति अन्त कतै पनि नभएको स्मरण गराउँदछ।

अनन्त नागमाथि सुतिरहेका विष्णु भगवान्ले आफ्नो गोडा नागको श्य्यामाथि अड्याएका छन् र ठीक त्यसैको पछिल्तिर देब्रे हात काँधसम्म उठाएको एक जना पुरुषले विस्फारित नेत्रले आश्चर्यचकित भएर भगवान्को यो लीला हेरिरहेका छन्। यो ठीकसँग पत्ता लाउन सकिएन। यी मार्कण्डेय वा भृगु पनि हुन सक्छन् अथवा यी दुई राक्षसमध्ये मधु अथवा कैटभ पनि हुन सक्छन्। महाभारतमा भगवान् विष्णु उत्तानो परी सुतिरहेको बयान अवश्य पाइन्छ, तर यसप्रकारको मूर्तिको भने कहीं बयान पाईदैन। कुषाणकालमा उत्तर भारतीय कलाको शैलीमा अनेक विविधता आए, तर शेषशायी विष्णुको सम्बन्धमा भने यसकिसिमको मूर्ति बनेको आजसम्म थाहा पाइएको छैन।

नेपाली मूर्तिकलाको क्षेत्रमा प्रस्तर मूर्तिको सुरुआत कुषाणकालमै भक्ति आन्दोलनको बेला भगवान् विष्णुको पूजासँग थालिएको हुन पर्छ। भक्ति आन्दोलनकै बेला यहाँ पनि शेषशायी विष्णुको कल्पना गरी मूर्ति बनाइयो होला। त्यसैले पुराणमा पनि वर्णन नभएको, विष्णु भगवान्लाई अनेक तरहले पूजा गरिने प्रक्रियाहरूलाई लिएर यस्तो मूर्ति बनाइएको हुन सक्छ ।

विष्णु भगवान्का साथमा सधैं श्री लक्ष्मी बसेकी हुन्छिन् तर तिनलाई पनि यस मूर्तिमा जस्तो दुई वटा नागिनीहरूले घडाबाट अभिषेक गरिरहेका देखाइएको हुँदा यो शैली कुषाणकालमा भन्दा अघि नै नेपालमा प्रचलित भइसकेको अनुमान हुन्छ। त्यसो हुनाले पनि पशुपति आर्यघाटमा यस्तो मूर्तिलाई स्थान दिएको हुनुपर्छ।

चार-पाँच दशकअगाडिसम्म नेपालका प्रस्तर मूर्तिहरूको विषयमा हामी कसैलाई उस्तो ज्ञान नै थिएन। त्यसबेलासम्म नेपालमा प्राचीन मूर्तिहरूको बारेमा कसैले खोज र अनुसन्धान पनि गरेको थिएन। सो विषयमा केही जान्नुपऱ्यो भने विदेशीहरूमाथि नै हामीले भर गर्नुपर्थ्यो। तर यता केही समयदेखि नेपालीहरूको ध्यान त्यस दिशातर्फ पनि आकर्षित हुँदै छ। हाम्रो कला, संस्कृति र इतिहासको खोजी हामी आफैंले गर्नुपर्छ भन्ने भावना हामीमा बिस्तारै जागृत हुँदै छ। यस्तो अवस्थामा यो लेखमा बयान गरिएको जस्तो मूर्ति अरू कहीं नहुनु तर नेपालमा मात्र हुनु पनि हाम्रो लागि एउटा नौलो कुरा मात्र नभएर एउटा गर्वको विषय पनि भएको ठान्नुपर्दछ।

अन्त्यमा, म फेरि आज सम्मानित हुने दुई जना महानुभावहरूलाई अभिनन्दन गर्दै, यस्तो सभामा बोल्ने अवसर मलाई दिनुभएकोमा गुठीका आयोजकबन्धुहरूलाई पुनः धन्यबाद अर्पण गर्दछु।

धन्यवाद।